# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची ।
लुम्बिनी प्रदेश, नेपाल

**आन्तरिक आय संकलनको लागि शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना ।**

( प्रथम पटक प्रकाशित भएको मिति २०८०/४/३१)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ),शितगंगा नगरपालिकाको निर्णय अनुसार नगरपालिको आर्थिक ऐन ०८०।८१ मा उल्लेखित तोकिएको अनुसूची १२ र १९ बमोजिमको दररेट अनुसार आय संकलन गर्नुपर्ने भएकोले यस सूचनामा उन्लेख भए वमोजिमका शर्तहरुको अधिनमा रहि न्यूनतम ठेक अंकमा नघटने गरी आ.व २०८०।०८१ असार मसान्त सम्मको अवधिको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक मुल्य अभिवृद्धि करमा दर्तावला व्यवसायी/फर्महरु आफुले लिन चाहेको ठेक्काको दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) यसै कार्यालयमा नगद बुझाई मिति २०८०/५/१३ गते कार्यालय समय भित्र छुट्टा-छुट्टै खरिद गरी आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि मार्फत आफुले कवुल गरेको (मु अ कर बाहेक) ठेक्का अंकको ५% का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा कुनै राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको जमानत पत्र राखी निर्दिष्ट स्थानमा दरभाउपत्रदाताको सहिछाप गरी मिति २०८०/५/१४ गतेका दिन १२:०० वजे भित्र दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन र पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको १:०० वजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा वदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप शर्त तथा जानकारीको लागी नगरपालिकाको सूचना पाटी/Website- www.shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१. कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धि ठेक्काको विवरण ।

| ठेक्का नं. आ.व.२०७९/०८० | कार्य विवरण | न्युनतम ठेक्का अङक रु.( मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर रु. | संकलन गर्न पाईने करका दरहरु |
|---|---|---|---|---|
| १(आ १) | अन्य कर- नगर क्षेत्र भित्र उत्पादन भई निकासी हुने माल बस्तुको निकासी कर (काठ निकासी बाहेक) | २०००००।- | १००० | आर्थिक ऐन ०८०।८१ को अनुसूची १९(क) |
| २(आ २) | अन्य कर- नगर क्षेत्र भित्र संकलन भई बिक्री हुने कावाडी माल वस्तुको बिक्री कर | १०००००।- | १००० | आर्थिक ऐन ०८०।८१ को अनुसूची १९(ख) |
| ३(आ ३) | नगर क्षेत्र भित्रको विज्ञापन कर | १०००००।- | १००० | आर्थिक ऐन ०८०।८१ को अनुसूची १२ |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

## शर्त तथा बन्देजहरु :

१. ठेकेदारबाट कुनै सर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाहि गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तीम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । दरभाउपत्र स्वीकृत भई सम्झौता हुदा ऐन नियम अनुसार सर्त तथा बन्देजहरु समेत राखिनेछ ।

२. दरभाउपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. दरभाउपत्र स्वीकृत भएपश्चायत सूचना पाएको वा पत्रीकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ रुपमा जम्मा गरेका् सक्कल बैंक भौचरहरु पेश गरी ठेक्का सम्झौता गरिनेछ । ठेक्का रकमको पुरै रकम एकमुष्ठ जम्म गर्न नसकेको अवस्थामा कवोल रकमको ५० प्रतिशत नगदै र बाकि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै क वर्गको बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद रहेको विड वण्ड पेश गर्नुपर्नेछ । बाकि किस्ताको विवरण संझौतामा उन्लेख गरिनेछ ।

४. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ ।

५. ठेक्का स्वीकृत भई संझौता पश्चायत नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

६. ठेक्का समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटि रकम फिर्ता दिईने छ ।

७. दरभाउपत्र खरिदकोलागी आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण पत्र, मु अ कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको फोटोकपि संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

८. यस सूचनाको सम्बन्धमा केहि संसोधग गरी सूचना जारी गर्नुपर्ने भएमा यस कार्यालयको सूचना पाटीमा टास गरिनेछ । यसरि टाँस भएको सूचना पनि यसै सूचनाको अंग मानिने छ ।

९. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै सूचना वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत